# हेटौंडा उपमहानगरपालिकाद्धारा माटो परीक्षण शिविर सञ्चालन







हेटौंडा उपमहानगरपालिकाको चालू आर्थिक वर्षको कृषि क्षेत्रको स्वीकृत कार्यक्रम अन्तर्गत माटो परीक्षण शिविर सुरुवात भएको छ । उपमहानगर क्षेत्रको विभिन्न ६ स्थानहरुमा माटो शिविर संचालन गरिने भएको छ । साबिक गा.वि.स. केन्द्रका वडा कार्यालय परिसरका ५ स्थानमा र उपमहानगरपालिका नगर कार्यपालिका कार्यालय परिसरमा १ स्थान गरी ६ स्थानहरुमा शिविर सञ्चालन हुनेछ । आज आइतबार हर्नामाडी र हटिया क्षेत्रका १०० वटा नमूनाहरुको माटो परीक्षण गरिएको छ । नमूना माटो परीक्षण कार्यमा प्राविधिक सहयोग क्षेत्रीय माटो परीक्षण प्रयोगशालाको सहयोगमा संचालन भइरहेको छ । बांकी स्थानहरुमा पौष २८ र २९ गते परीक्षण हुनेछ । माटो परीक्षण पश्चात् प्राप्त प्रतिवेदनको आधारमा आवश्यक स्थानहरुमा कृषि चुन वितरण गर्ने कार्यक्रम समेत रहेको छ ।